# तिनाउ गाउँपालिका
# आ.ब. २०८०/०८१ को
# प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रममा
# प्रस्तुत संक्षिप्त प्रतिवेदन

**मिति २०८०।०९।२०**

**तिनाउ गा.पा. वडा नं. २**

**महिला भवन गणेशटोल दोभान**

तिनाउ गाउँपालिका

आ.ब. २०८०/०८१

स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा ७८ (५) बमोजिम तिनाउ गाउँपालिकाद्धारा प्रदान गरिने सेवा सुविधा सम्बन्धमा सेवा प्रदायक र सेवाग्राही सर्वसाधारण विचमा दोहोरो संम्वाद र प्रश्नोत्तर गरी एक आपसमा प्रष्ट हुने र स्थानीय सरकारको कार्यसम्पादनलाई आगामी दिनहरुमा अझ पारदर्शी, उत्तरदायी र जवाफदेहि बनाउन जनताको कामलाई सरल र सहज ढङ्गबाट सम्पादन गर्ने यो सार्वजनिक सुनुवाईको मुल उद्धेश्य रहेको छ। हाम्रो गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को आधारमा कार्यसम्पादन गर्दै आएको छ। सिमित साधनबाट, जनताको असिमित आवश्यकता पुरा गर्न प्राय असम्भव छ तथापी जनताको आर्थिक, सामाजिक, सास्कृतिक, साथै महशुस हुने गरि भौतिक पूर्वाधारको विकास गरी जनताको दीगो विकासको चाहनालाई पुरा गर्न हाम्रो ध्यान केन्द्रित छ। प्राप्त स्रोत र साधनको समुचित व्यवस्थापन र विकासको हरेक चरणमा सर्वसाधारण जनताको चासो बढि रहेको छ। गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवा प्रति जति बढि जनताको चासो र निगरानी हुन्छ उति बढि पारदर्शिता, जवाफदेहिता र साथै सुशासन प्रबर्धनमा उति टेवा पुग्दछ। तिनाउ गाउँपालिका बासी आम नागरिक प्रति हाम्रो उत्तिकै सम्मान र दायित्व छ। नागरिकको अधिकार स्थापित गरी विकासको फल न्यायोचित ढङ्गले वितरण गर्ने तर्फ पनि हामी उत्तिकै सचेत छौं। यस आर्थिक वर्ष २०८०/०८१ का लागि हिउदे गाउँसभाबाट समेत पारित भएका बार्षिक नीति, कार्यक्रम तथा बजेटलाई कार्यान्वयन गर्ने क्रममा तिनाउका हामी निर्वाचित प्रतिनिधिहरु र कर्मचारीहरु लगनशिलताका साथ खटिएका छौं।

सार्वजनिक सेवा प्रवाहलाई सेवाग्राही जनतावाट प्राप्त सुझाब साथै पृष्ठपोषणवाट गुनासो व्यवस्थापन गर्दै भावी दिनहरुमा कार्यसम्पादनलाई चुस्त दुरुस्त सुदृढ बनाउने सार्वजनिक प्रतिबद्धता घोषणा गर्ने यो हाम्रो प्रयास पनि हो। यो सार्वजनिक सुनुवाईबाट गाउँपालिका भित्रका समस्याहरु पहिचान भई समस्या समाधान गर्ने विकल्पहरु पहिल्याई सम्बोधन गर्ने जमर्को गरिने छ। गाउँपालिकाको सेवा प्रदायक शाखा र सेवाग्राही जनता विच सुमधुर सम्बन्ध स्थापित हुनेछ।

तिनाउका हामी सवै जनप्रतिनिधिहरु तथा कर्मचारीहरु ईमान्दारीपूर्वक लगनशिल भई जनताको सेवामा खटिरहेका छौ । तिनाउको विकास र समृद्धीको लागि सवै मिलेर विकास गरौ भन्ने जनमतलाई कदर गर्दै सहमतिका साथ सहकार्य गर्दै अगाडि बढ्दै छौ काम गर्दा गल्ती, कमि कमजोरी हुन सक्छ, सिकाइले निखारपन ल्याउँछ पक्कै हो। यो अवधिमा जनप्रतिनिधिहरु र कर्मचारीहरु वीच निकै सुमधुर, सम्वन्ध राख्दै योजना तथा कार्यक्रम कार्यान्वयन गर्न, सुशासनका आयाम थप्न सहज र सरल वनाउदै लगिने छ ।

सुशासन ऐन २०६४ को दफा ३० र सार्वजनिक सुनुवाई कार्यविधि २०८० को आधारमा यो कार्यक्रमको तय गरिएको छ। यो कार्यक्रमलाई गाउँ कार्यपालिकाको मात्र नभई सबैको साझा सरोकारको कार्यक्रम भएकोले यसलाई सभ्य, अनुशासित, सालिन, उपलब्धिमुलक एवम अर्थपुर्ण बनाउन आचारसंहिता पालना गर्दै सहभागी ज्यूहरुबाट रचनात्मक सुझाबको अपेक्षा गरिएको छ ।

## शाखागत कार्यक्रम तथा प्रगती विवरण

### शिक्षा युवा तथा खेलकुद शाखा तर्फ :

| सि.नं. | कार्यक्रम/आयोजनाको नाम | वार्षिक बजेट (रु.हजारमा) | वित्तिय प्रगति % |
|---|---|---|---|
| १ | माध्यमिक तथा आधारभूत तह तलब भत्ता (सशर्त) | १३७००० | २९ |
| २ | शिक्षण सिकाइ सहयोग अनुदान (सशर्त) | ५६६५ | २३ |
| ३ | प्रारम्भिक बालविकास र कर्मचारी तलब भत्ता(सशर्त) | ११८१४ | २८ |
| ४ | दिवा खाजा (सशर्त) | ६८२६ | २० |
| ५ | शैक्षिक पहुँच सुनिश्चतता (सशर्त) | ७२० | १७ |
| ६ | प्रारम्भिक बालविकास र कर्मचारी थप तलब (गा पा) | ७४०० | २९ |
| ७ | प्रश्नपत्र निर्माण सिकाइ उपलिब्ध बिश्लेषण (गा पा) | १९६ | ३२ |
| ८ | अतिरिक्त क्रियाकलाप सन्चालन (गा पा) | ४९० | १४ |
| ९ | दिवा खाजा थप(गा पा) | २००० | २५ |

<u>मुख्य उपलब्धीहरु:</u>

१ कक्षा ८ ,१० र कक्षा १२ को नतिजा विश्लेषण गरी विद्यार्थी सम्मान कार्यक्रम सम्पन्न गरीएको ।

२ सशर्त तर्फको कार्यक्रम बाँडफाँड गरीएको ।

३ सेनेटरी प्याडको खरीद प्रक्रियामा अगाडी बढेको ।

४ १५ विद्यालयको विद्यार्थी सत्यापन गरीएको ।

५ शिक्षक तालिम तथा विद्यार्थीको प्रतिभा पहिचानको लागि अतिरिक्त क्रियाकलाप सन्चालन ।

### स्वास्थ्य शाखा तर्फ

| विषय | बजेट | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|
| संघिय सरकार | ५७७८००० | १३.२% | तलब बाहेक |
| स्थानिय सरकार | ५०००००० | १०.४२% | केही भुक्तानी माग्न बाकी |
| | औषत खर्च प्रतिशत | ११.८१% | |

मुख्य उपलब्धिहरु

१ नियमित ओ पि डि सेवा । २४ घण्टा प्रसुती सेवा।

२ मासिक १८ वटा गाउघँर क्लिनिक र १६ वटा खोप क्लिनिक सञ्चालन।

३ ४० जना स्वयमंसेविकाबाट समुदायमा स्वास्थ्य गतिविधी सञ्चालन।

४ ९ वटा मा वि मा विद्यालयमा विद्यालय स्वास्थ्य कमिटीको गठन तथा परिचालन

५ एकिकृत घुम्ती शिविरमा सहभागिता।

६ पाठेघरको मुखको क्यान्सर जाच शिविर सञ्चालन।

७ स्वास्थ्य कार्यक्रमको बार्षिक समिक्षा सम्पन्न।

८ खोप र क्षयरोग कार्यक्रमको बार्षिक योजना तर्जुमा सम्पन्न।

९ मानसिक स्वास्थ्य सम्वन्धी ४ स्थानमा अभिमुखिकरण सम्पन्न।

१० वडा स्तरीय रक्तदाता परिचालन कमिटीको बार्षिक समिक्षा सम्पन्न ।

११ औषधी खरिद सम्पन्न ।

१२ विपन्न नागरिकलाई मासिक औषधी उपचार खर्च २२ जनालाई पहिलो किस्ता उपलब्ध गराएको

**कृषि विकास शाखा तर्फ**

| सि.नं. | कार्यक्रम/आयोजनाको नाम | वार्षिक बजेट (रु.लाखमा) | भौतिक प्रगति % | वित्तिय प्रगति % |
|---|---|---|---|---|
| ५ | तरकारी तथा मौरी क्षेत्र विस्तार कार्यक्रम वडा न.६ | ३.९२ | १५ | ० |
| ६ | क्राप कटिंग | ०.९८ | १०.७१ | ० |
| ७ | धनिया तथा खुर्सानी खेती क्षेत्र विस्तार वडा न.४ | ३.९२ | १५ | ० |
| ८ | मौरी,धनिया तथा खुर्सानी खेती क्षेत्र विस्तार कार्यक्रम वडा न. ५ | १९६ | १५ | ० |

**पशु सेवा शाखातर्फ**

| सि.नं. | कार्यक्रम/आयोजनाको नाम | वार्षिक बजेट (रु.लाखमा) | भौतिक प्रगति % | वित्तिय प्रगति % |
|---|---|---|---|---|
| १ | सुधारिएको खोर गोठ | १०.७५ | १५ | - |
| २ | उन्नत पशु वितरण | १.७ | १५ | - |
| ३ | आधुनिक यन्त्र औजार वितरण | ९. | १५ | - |
| ४ | घाँस वितरण | ३ | ५० | - |
| ५ | तथ्यांक संकलन (सूचीकरण) | ३ | २५ | - |
| ६ | एक वडामा एक नमुना पशु श्रोत केन्द्र स्थापना | ३ | १५ | - |

**आर्थिक प्रशासन शाखा आम्दानी तथा खर्च विवरण**

१. गाउँपालिकाले चालु आ.व.मा संघीय सरकारबाट समानिकरण अनुदान तर्फ रु. ८ करोड ५३ लाख, शसर्त अनुदान चालु तर्फ रु. २१ करोड ६७ लाख, शसर्त अनुदान पुँजिगत तर्फ ८० लाख, विशेष अनुदान पुँजीगत तर्फ रु. ८० लाख र समपुरक अनुदान पुँजीगत तर्फ रु. ८० लाख गरी जम्मा रु. ३२ करोड ६० लाख आम्दानी गर्ने लक्ष्य राखेकोमा चालु आर्थिक वर्षको हालसम्म समानिकरण अनुदान तर्फ रु. २ करोड १३ लाख, शसर्त अनुदान चालु तर्फ रु. ७ करोड १४ लाख, शसर्त अनुदान पुँजिगत तर्फ १४ लाख १९ हजार गरी जम्मा रु. ९ करोड ४१ लाख वास्तविक आम्दानी गर्न सफल भएको छ ।

२. चालु आ.व.मा प्रदेश सरकारबाट समानिकरण अनुदान तर्फ रु. ५९ लाख ५९ हजार, शसर्त अनुदान चालु तर्फ रु. २६ लाख ५० हजार, शसर्त अनुदान पुँजिगत तर्फ ६० लाख, र समपुरक अनुदान पुँजीगत तर्फ रु. १ करोड गरी जम्मा रु. २ करोड ४६ लाख आम्दानी गर्ने लक्ष्य राखेकोमा चालु आर्थिक वर्षको हालसम्म समानिकरण अनुदान तर्फ रु. १४ लाख ८९ हजार, शसर्त अनुदान चालु तर्फ रु. ८ लाख ७४ हजार, शसर्त अनुदान पुँजिगत तर्फ १९ लाख ८० र समपुरक अनुदान पुँजिगत तर्फ ३३ लाख गरी जम्मा रु. ७६ लाख ४४ हजार वास्तविक आम्दानी गर्न सफल भएको छ ।

३. चालु आर्थिक वर्षमा राजस्व बाँडफाँड तर्फ मुल्य अभिवृद्धि कर तर्फ रु. ८ करोड ४३ लाख, सवारी साधन कर रु. ५३ लाख, विज्ञापन कर २४ हजार र दहत्तर बहत्तर शुल्क रु. ६ लाख गरी जम्मा ९ करोड ३ लाख आम्दानी गर्ने अनुमान राखेकोमा हाल सम्म मुल्य अभिवृद्धि कर तर्फ रु. ९१ लाख, सवारी साधन कर रु. २२ लाख गरी जम्मा रु. १ करोड १४ लाख मात्र आम्दानी गर्न सफल भएको छ ।

४. गाउँपालिकाको आन्तरिक आम्दानी तर्फ एकीकृत सम्पत्ती कर तर्फ १० लाख, भूमिकर मालपोत तर्फ १४ लाख, बहाल कर तर्फ १० लाख, अन्य विक्रीबाट प्राप्त रकम ५ लाख, अन्य सेवा शुल्क तथा विक्री रु. १ करोड ५० लाख, न्यायीक दस्तुर ५० हजार, शिक्षा क्षेत्रको आम्दानी १ लाख, नक्सा पास दस्तुर ४ लाख ७० हजार, सिफारिस दस्तुर १० लाख, नाता प्रमाणित दस्तुर २० हजार, अन्य दस्तुर ५ लाख, व्यवसाय रजिष्ट्रेशन दस्तुर २ लाख, अन्य क्षेत्रको आय ८० लाख, प्रशासनीक दण्ड जरिवाना र जफत १० लाख, प्रदुषण नियन्त्रण शुल्क १ लाख, बैक मौज्दात ३ करोड ४४ लाख, जनसहभागिता ७५ लाख, अन्य संस्थागत आन्तरिक अनुदान रु. ४० लाख र अन्य व्यक्तिगत आन्तरिक अनुदान ३५ लाख गरी जम्मा ६ करोड ४७ लाख ४० हजार आम्दानी गर्ने अनुमान गरेकोमा हाल सम्म बैक मौज्दात रु. ३ करोड ४४ लाख र विभिन्न शिर्षकमा गरी जम्मा रु. ९५ लाख ३४ हजार गरी जम्मा ४ करोड ३९ लाख ३४ हजार आम्दानी गर्न सफल भएको छ ।

५. गाउँपालिकाले चालु आर्थिक वर्ष २०८०/८१ मा चालु तर्फ रु. ३६ करोड ६६ लाख विनियोजन गरेकोमा हाल सम्म जम्म रु. ८ करोड ३९ लाख खर्च गरी २२.८९ प्रतिशत खर्च गर्न सफल भएको छ ।

६. गाउँपालिकाले चालु आर्थिक वर्ष २०८०/८१ मा पुँजिगत तर्फ रु. १४ करोड ६५ लाख विनियोजन गरेकोमा हालसम्म जम्मा रु. १ करोड २८ लाख मात्र खर्च गरी ८.७८ प्रतिशत मात्र पुँजिगत खर्च गर्न सफल भएको अवस्था छ ।

७. गाउँपालिकाले चालु आर्थिक वर्षमा जम्मा रु. ५१ करोड ३२ लाख विनियोजन गरेकोमा हालसम्म जम्मा रु. ९ करोड ६८ लाख खर्च गरी जम्मा १८.८६ प्रतिशत मात्र खर्च गर्न सकेको अवस्था रहेको छ ।

**योजना तर्फ उपभोक्त समिति मार्फत संचालन हुने योजना विवरण**

| वडा नं. | जम्मा योजना संख्या | सम्झौता योजना संख्या | फरफारक योजना संख्या | संझौता बाकी योजना संख्या |
|---|---|---|---|---|
| १ | ४६ | १३ | ० | ३३ |
| २ | ५१ | ९ | १ | ४१ |
| ३ | २७ | २ | ० | २५ |
| ४ | २६ | १४ | ० | १२ |
| ५ | ३० | १० | ० | २० |
| ६ | ४१ | १२ | ० | २९ |
| जम्माः | २२१ | ६० | १ | १६० |

**भैतिक पूर्वाधार तर्फः**

| सि.नं. | कार्यक्रम/आयोजनाको नाम | वार्षिक बजेट (रु.लाखमा) | भौतिक प्रगति % | वित्तिय प्रगति % |
|---|---|---|---|---|
| १ | भुजेलाबस्ती,तिनाउ २ र ३ जोड्ने झो.पु | ३५ | २० | ३० |
| २ | गाउँपालिका भवन तला थप गापा तर्फ | ३०३ | २५ | १० |
| ३ | गापा र वडाको मिनिटेलर खरिद योजना | ९० | | |
| ४ | चरचरे मरामकोट जन्तिलुङ्ग पर्यटकीय मार्ग स्तरोन्नती तिनाउ ५ | ५० | २० | ३० |
| ५ | विद्यालय फर्निचर व्यवस्थापन | ३० | | |
| ६ | नुवाकोट हरियाली गाँउ ज्यामिरे पर्यटन मार्ग स्तरोन्नति संघीय योजना गापा समपुरक | १६० | | |
| ७ | आपचौपारी वेलडाडा चिदिस शिखरडाँडा गुफाचौर मोटरबाटो स्तरोन्नति | ५० | | |
| ८ | कचल झिगामारा ठुलीउदाङ्ग मोटरबाटो स्तरउन्नति | ५० | | |

| सि.नं. | कार्यक्रम/आयोजनाको नाम | वार्षिक बजेट (रु.लाखमा) | भौतिक प्रगति % | वित्तिय प्रगति % |
|---|---|---|---|---|
| | प्रदेश समपुरक गापा दायित्व | | | |
| ९ | गोरवन्दी सत्यवती लगाड गिजनचौर पर्यटकीय सडक स्तरोन्नति | ५० | | |
| १० | दोभान झ्याङ्गला बगाह मोटरबाटो स्तरोन्नति गापा समपुरक दायित्व | ५० | ३० | ३० |
| ११ | पहिरो सरसफाइ | ७० | १०० | १०० |
| १२ | विद्यालयहरु घेरावार | २५ | | |
| १३ | वालकक्षा भुइ वसाइ | १५ | | |
| १४ | पालिका को लागि औषदी खरिद गरिएको | २० | | |
| १५ | बिधालयका छात्राहरु लाई SANITERY PAD खरिद | ११ | | |

## मुख्य उपलब्धी:

१. ठूला आयोजनाहरु ठेक्का प्रकृयाबाट कार्य गर्ने प्रयास गरिएको ।
२. योजना सम्झौता विद्युतिय प्रणालीबाट गर्ने गरिएको ।

**आ.ब. २०८०।०८१ म सञ्चालित एकीकृत घुम्ति शिविर कार्यक्रममा तपशील अनुसार उपलब्धि भएको छ ।**

तिनाउ गाउँपालिकाको एकिकृत घुम्ति शिविरबाट सेवा प्राप्त सेवाग्राहीहरुको विवरण

| क्रस | वडा नं | व्यक्तिगत घट्ना दर्ता (जना) | स्वास्थ्य ल्याव (जना) | स्वास्थ्य आँखा (जना) | स्वास्थ्य ओपिडि सेवा (जना) | शिक्षा (विद्यालय अनुगमन) (वटा) | योजना सम्झौता (वटा) | कृषि सेवा (परामर्श तथा अनुगमन) (जना) | पशु सेवा (परामर्श तथा अनुगमन) (जना) | जेष्ठ नागरिक परिचय पत्र (जना) | व्यवसाय दर्ता (वटा) | नागरिकता सिफारिस (जना) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | ५०६ | २३६ | ६२२ | २८० | | २३ | २४ | २३ | २४ | | |
| २ | २ | ४३१ | १४९ | २३६ | २६५ | | २ | १८ | १९ | | | ३३ |
| ३ | ३ | ३३५ | १५६ | १९९ | २५६ | | ६ | १७ | १५ | | | |
| ४ | ४ | ४५६ | १०१ | ६३ | १२७ | | २० | २३ | १२ | | | १७ |
| ५ | ५ | ५१३ | १७९ | २०४ | २४२ | | १६ | १६ | २७ | ५ | | ४३ |
| ६ | ६ | ४६७ | २३३ | ३०९ | ३७८ | | १० | १२ | ११ | २७ | | ५ |
| जम्मा | | २७०८ | १०५४ | १६३३ | १५४८ | १९ | ७७ | ११० | १०७ | ५६ | ४ | ९८ |

**विपत व्यवस्थापन तर्फ**

**२०८० साल श्रावण महिना देखि २०८० पौष १८ सम्म विपतमा परेका परिवारलाई राहत वितरण गरिएको**

| विवरण | संख्या | खर्च |
|---|---|---|
| पूर्ण घर क्षेती | ४ | ८०,००० |
| आशिक घर क्षेती | २ | २०,००० |
| जग्गा क्षेती | १७ | १,१५,५०० |
| गोठ पूर्ण क्षेती | २ | २०,००० |
| औषधि उपचार | २ | २०,००० |
| पशु क्षेती | १ | ९,००० |
| जम्मा | २८ | २,६४,५०० |

**सहकारी कार्यक्रम तर्फ :**

| सि.नं. | कार्यक्रम/आयोजनाको नाम | वार्षिक बजेट (रु.लाखमा) | भौतिक प्रगति % | वित्तिय प्रगति % |
|---|---|---|---|---|
| १ | सहकारी अभिमूखिकरण कार्यक्रम | १९८००।०० | | |
| २ | तिनाउका सहकारी र अवको बाटो | १२४००।०० | | |

मुख्य उपलब्धिहरु

१ गाउँपालिका मातहत रहेका सहकारीहरुको लागि १ दिने अभिमुखिकरण तालिम सम्पन्न ।

२ तिनाउका सहकारी र अवको बाटो १ दिने अभिमुखिकरण सम्पन्न ।

३ सहकारी संस्था नियमन तथा अनुगमन निर्देशिका निर्माण भएको ।

४ तिनाउका सहकारीहरुको ७ सदस्यीय तदर्थ समन्वय समिति गठन ।

५ सहकारीका सवल पक्षको वारेमा जानकारी भएको। सहकारीको कमजोरीको वारेमा जानकारी भएको सहकारीका अवसर तथा चुनौतीका वारेमा जानकारी भएको

**समृद्धिको लागि बन परियोजना**

| बजेट शीर्षक | बजेट | खर्च | खर्च % |
|---|---|---|---|
| पुँजीगत | - | - | |
| चालु | ३२००००० | ३,२५,१०६ | १०.१५% |
| जम्मा | ३२००००० | ३,२५,१०६ | १०.१५% |

मुख्य उपलब्धिहरु

१ तिनाउ गाउँपालिका भित्र भएका संभावित वृक्षरोपण योग्य निजी, सार्वजनिक, ऐलानी पर्ति तथा सरकारी जग्गाको पहिचान तथा सुझाव संकलन ।

२ निजि जग्गामा वृक्षारोपण गर्ने प्रयास गरिँदै ।

**राष्ट्रिय परिचयपत्र तथा पंजीकरण कार्यक्रम तर्फ**

| सि.नं. | कार्यक्रमको नाम | वार्षिक बजेट (रु.लाखमा) | भौतिक प्रगति % |
|---|---|---|---|
| १ | घटना दर्ता | – | ४५०( नयाँ ) /३१००(प्रतिलिपि) |
| २ | प्रथम त्रैमासिक सामाजिक सुरक्षा | १,९६,४७,९५२ | २०५० जना |

मुख्य उपलब्धीः

हस्तलिखित प्रमाणपत्र विस्थापित गरि अनलाईन प्रमाणपत्र जारी गरीएको ।

**न्यायीक समिति तर्फ**

| सि.नं. | आ.ब. | उजुरी फाइल संख्या | फछ्यौंट मुद्दा | फछ्यौंट हुन बाँकी | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०८०/०८१ | ५ | ३ | २ | |

**१ यस पालिका अन्तर्गतका सबै वडाहरूमा मेलमिलाप केन्द्र स्थापना गरेको ।**

**२ मेलमिलाप कर्ताहरू लाई नियुक्ति दिई कामको जिम्मेवारी दिईएको ।**

**३ न्यायिक समितिका पदाधिकारी एवं कर्मचारीलाई न्यायिक निरूपण सम्बन्धी । पुर्नताजगी तालिम सम्पन्न गरिएको ।**

**४ नियमित रूपमा न्यायिक समितिको बैठक बसी न्यायिक क्षेत्रका जटिलताहरू पहिचान गरी सम्बन्धीत निकायमा परामर्श गर्ने गरिएको ।**

**प्रधानमन्त्री रोजगार कार्यक्रम**

**आर्थिक बर्ष २०८०।०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत न्यूनतम रोजगारीमा संलग्न हुन चाहने सूचिकृत बेरोजगार ब्यक्तिहरू ५३४ जना रहेका थिए ।**

| २०८०/०८१ | बजेट | खर्च | खर्च % |
|---|---|---|---|
| पुँजीगत सशर्त | ४६,१६,००० | - | - |
| चालु | १,४३१,००० | ४,७१,००० | ३२.९१ |
| जम्मा | ६०,४७,००० | ४,७१,००० | ७.७८ |

**गाउँपालिकाको यस आ.ब.को हालसम्म भएका कार्यहरू संक्षिप्तमा विवरण ः**

१ राजश्व संकलन प्रणालीलाई व्यवस्थित र प्रविधिमैत्री बनाउन गाउँपालिका कार्यालयबाट संकलन हुने राजश्व र ६ वटै वडा कार्यालयबाट संकलन हुने राजश्वलाई अनलाईन प्रविधिबाट संकलनको कार्य गरिएको छ ।

२ लक्षित वर्ग तर्फः हरितालिका तिज पर्ब २०८० का अवसरमा तिनाउ गाउपालिकाको वडास्तरी अन्तरवडा तिज गित तथा नृत्य प्रतियोगिता प्रत्येक वडामा सम्पन्न । लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको अवसरमा तिनाउ गाउँपालिकाको सभाहल अर्घाछापमा सचेतना कार्यक्रम गरी सम्पन्न ।

३ तिनाउ गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा रिक्त रहेका हे.अ. ३ पदमा करार सेवामा जनशक्ति व्यवस्थापन गरीएको छ ।

४ यस आ.ब.मा हाल सम्म १० वटा गाउकार्यपालिकाको बैठक बसी १५१ वटा निर्णय गरिएको ।

५ सत्यवती मेलाका बखत मेला व्यवस्थापन तथा सुरक्षाका लागि मेला स्थलमा सि.सि. क्यामेरा जडान गरिएको साथै आवत जावत गर्न साना सवारी साधन संचालन सुरु गरिएको । सत्यवतिमा मेलाको अवसरमा जम्मा भएको भेटी गाउँपालिकाबाट कर्मचारी परिचालन गरी गणना गरीएको ।

६ वर्षातको समयमा गाउँपालिका भित्र रहेका विभिन्न सडकहरुला सुचारु गर्ने कार्य सम्पन्न गरिएको ।

७ गाउँपालिकाको आन्तरिक आम्दानी वृद्धि गर्न दोभान खोला र झुम्सा खोलाको प्रारम्भिक वातावरणीय परिक्षण गर्ने कार्यको सुरुवात गरिएको ।

८ तिनाउ गाउँपालिकाको शिक्षाको गुणस्तर सुधार गर्न संभाव्यता अध्ययन गर्ने कार्यको सुरुवात भएको छ । गाउँपालिकाका सामूदायिक विद्यालयको पठन पाठनलाई सहज बनाउन दोभान मा.वि. र तिलोत्तमा मा.वि.मा Smart Classroom निर्माण गर्ने कार्यको सुरुवात भएको छ ।

९ गाउँपालिका भित्र निर्माण तथा स्तरउन्नती हुँदै गरेका सडक अधिकार क्षेत्रबाट निस्कने ढुङ्गा गिट्टी बालुलाई गाउँपालिकाको आयस्रोतको रुपमा संकलन गर्ने कार्यको सुरुवात भएको छ ।

**गाउँपालिकाका केही चुनौती तथा समस्याहरूः**

१. यस आ.व.मा पनि ६ वटै वडाहरुमा साना तथा टुक्रे योजना तर्जुमा भएको हुनाले समयमा योजनाको इस्टिमेट, संचालन तथा कार्यन्वयन गर्न कठिनाई भएको छ ।

२. समयमा उपभोक्ता समिति गठन हुन नसकेको र अझै धेरै योजनाहरु सम्झौता गर्न बाँकी रहेको छ ।

३. अझ पनि अपेक्षाकृत आन्तरिक आय संकलन गर्न सकिएको छैन । तथापी हाम्रो आन्तरिक आयको अवस्था सुधारोन्मुख नै रहेको छ । प्राय संङ्घीय र प्रदेश सरकारको आस र भरोसामा हाम्रो बजेट निर्भर छ ।

४. विकासका साझेदार स्थानीय जनसमुदायबाट प्रयाप्त जनश्रमदान जुटाउन सकिएको छैन । जसले गर्दा गाउँपालिकाको बजेट मै निर्भर हुनु परेको र उपभोक्ताले अपनत्व ग्रहण गर्न नसकेको अवस्था श्रृजना भएको छ।

५. कतिपय योजनाहरु अधुरा तथा अलपत्र अवस्थामा रही रहेका छन् । ती योजनाहरुलाई पुरा गर्न धेरै नै बजेट रकम विनियोजन गर्नुपर्ने अवस्था सिर्जना भएको छ ।

६. गाउँपालिकाको अधिकाँश भाग चुरे क्षेत्रमा पर्ने भएको हुनाले थोरै बजेटले विकास निर्माणलाई दिगो बनाउन निकै कठिनाई छ ।

७. जनताको अपेक्षा धेरै बजेट व्यवस्था कम भएकोले जनताको माग बमोजिम विकास व्यवस्थापन गर्न नसकिनु ।

८. राजस्वको दायरा वृद्धि गरी गाउँपालिकाको आन्तरिक आय वृद्धि गर्ने ।

अन्त्यमा यस गाउँपालिकाको कार्य सम्पादनलाई विशेष चासो र महत्वका साथ नजिकबाट नियाली गाउँपालिकाका कार्यहरुलाई प्रभावकारी रुपमा सञ्चालन गर्न खबरदारी गरीरहनु भएका सम्पूर्ण तिनाउबासी जनताहरुलाई हार्दिक धन्यवाद दिँदै मेरो प्रगति प्रतिवेदन यहिँ अन्त्य गर्दछु धन्यबाद् । नमस्कार ।